# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
वाग्मती प्रदेश, नेपाल

पत्र संख्या :- ०७६/०७७
चलानी नं :-

## टोखा नगरक्षेत्रका कृषकहरुमा सूचना !!!
(मितिः २०७६/१०/९)

टोखा नगरपालिका, कृषि शाखाको आ.व.२०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति २०७६/१०/७ गतेका दिन गर्ने भनिएको १(एक) दिने निशुल्क माटो परिक्षण शिविर कार्यक्रम वर्षात लगत्तै माटोको नमुना लिँदा उचित नतिजा नआउने भएकोले मिति २०७६/१०/१२ देखि मिति २०७६/१०/१७ सम्म नमुना संकलन गर्ने र मिति २०७६/१०/१९ गते संकलित नमूनाको परिक्षण टोखा नगरपालीका वडा नं.-३ को वडा कार्यालय परिसरमा गर्ने कार्यक्रम रहेकोले आ-आफ्नो व्यवसायीक कृषि फार्म, खेतबारी, करेशाबारीको माटो जाँच गराई मौकाको फाईदा लिनु हुन सम्पूर्ण कृषक महानुभावहरुमा हार्दिक अनुरोध गरिन्छ ।

**माटोको नमूना संकलन गर्दा ध्यान दिनुपर्ने कुराहरुः**

१) मल थुपारेको ठाउँ, झाडी रुखको फेद मुनीबाट नमुना संकलन नगर्ने ।

२) १ रोपनी जग्गाबाट सबै ठाउँको प्रतिनिधित्व हुने गरि विभिन्न ५ स्थानबाट माटोको नमुना संकलन गर्ने ।

३) नमुना संकलन गर्दा करिब १५-२० से.मी. वा लगभग १ बित्ता गहिराईबाट भि ख आकारमा माटोको नमुना संकलन गर्ने ।

४) नमुना संकलन लिँदा जमिनको माथिल्लो भागको २-३ ईन्चको माटो हटाएर मात्र नमुना लिने ।

५) संकलित नमुनाबाट जाँच गर्नुपर्ने माटो मिसाई करिब ५०० ग्राम (आधा के.जि.) नमुना मात्र लिएर आउने ।

६) नमुना राखेको प्लाष्टिकमा कृषकको नाम, ठेगाना, नमुना लिएको मिति, खेत/बारी /पाखो के हो उल्लेख गर्ने साथै नमुना संकलन गरेको खेत/बारीमा हाल कुन बाली लगाएको छ , उल्लेख गर्ने ।

**तपसिलः**

मितिः २०७६।१०।१२ गते देखि २०७६/१०/१९ गते बिहान ८ बजे सम्म नमुना संकलन

मितिः २०७६/१०/१९ गते ८ बजे देखि परिक्षण तथा नतिजा वितरण कार्य गरिने

मितिः २०७६/१०/२० गते नमुना परिक्षणको नतिजा अनुसार आवश्यक कृषि चुन वितरण गरिने छ ।

स्थानः ३ नं. वडा कार्यालय परिसर, टोखा सरस्वती, काठमाण्डौं ।

समयः बिहान ८:० बजे देखि ४:० बजे सम्म ।

थप जानकारीको लागि सम्पर्क : ९८४१०१५१७५, ९८४३१८४१६७, ९८४२९७३७४५

(अनिल प्रसाद जोशी)
अधिकृत सातौं

सम्पर्क नं : ०१-४३८५०१३/०१-४३८८४०५ Email : hellotokha@gmail.com Website: www.tokhamun.gov.np